**संघीय संसद**

# प्रतिनिधि सभा

# अन्तर्राष्ट्रिय सम्बन्ध समिति

**बैठक संख्या: ७७**
**(मिति: २०७९/०४/०२)**

**विषय:-**

१. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको हालसम्मको कार्यप्रगतिका सम्बन्धमा ।
२. यस समितिबाट तारागाउँ विकास समितिलाई दिइएका निर्देशन तथा सुझावहरु कार्यान्वयनका सम्बन्धमा ।
३. विविध ।

**छलफल तथा निर्णय:-**

समितिको आजको बैठकमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको हालसम्मको कार्यप्रगति एवं विविध विषयका सम्बन्धमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय श्री जीवनराम श्रेष्ठ, नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक श्री प्रदीप अधिकारी लगायतका पदाधिकारीहरुसँग छलफल भयो । छलफलमा माननीय मन्त्री एवं महानिर्देशकले निजगढ अन्तर्राष्ट्रिय विमानस्थलका बारेमा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलापश्चात् विकसित घटनाक्रम र विमानस्थल निर्माण सम्बन्धी आगामी कार्यदिशाका सम्बन्धमा आ-आफ्ना धारणा राख्नुभएको थियो ।

साथै यस अघि मिति २०७९ असार ५ गते बसेको समिति बैठकले समितिको वार्षिक प्रतिवेदन, २०७९ आवश्यक परिमार्जन सहित पारित गर्ने भन्ने निर्णय गरेकोमा उक्त प्रतिवेदनमा आज मिति २०७९ साउन २ गतेसम्म भएका समितिका कामकारवाहीहरुलाई समेत समेटेर प्रतिवेदनलाई प्रतिनिधि सभाको आगामी बैठकमा पेस गर्ने निर्णय गरियो ।

तत्पश्चात् समितिको बैठक मिति २०७९ साउन ३ गते दिउँसो १:३० बजेसम्मका लागि स्थगित भयो ।